# जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली

सिन्धुलीमाढी

बागमती प्रदेश, नेपाल

प्रमुख ज्यू : ०४७-५२०५४१
उप-प्रमुख ज्यू : ०४७-५२०१४४
जि.स.अ.लेखा : ०४७-५२०३४४
प्रशासन : ०४७-५२०५४४


प.सं. :-

च.नं. :-

## पुराना जिन्सी सम्पत्ति तथा मालसामान लिलाम बिक्रीको २१ दिने सूचना

सूचना नं.- ०३/२०८०/०८१

प्रकाशित मितिः- २०८१।०३।०१

यस कार्यालयको स्वामित्वमा रहेका विभिन्न किसिमका जिन्सी सम्पत्ति तथा मालसामानहरु (पुराना सवारी साधन, मेशिनरी, कार्यालय उपकरण, विद्युतीय उपकरण लगायतका सामग्रीहरु) जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरिने भएको हुँदा इच्छुक व्यक्ति, फर्म, संघ संस्था आदिबाट निम्नानुसारका शर्तहरुको अधिनमा रही शिलबन्दी लिलाम बिक्रीको बोलपत्र आव्हान गरिएको छ।

**शर्तहरुः**

१. वोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थानः-
   (क) खरिद गर्नुपर्ने अन्तिम मितिः २०८१।०३।२१ गते कार्यालय समय भित्र
   (ख) दाखिला गर्नुपर्ने अन्तिम मितिः २०८१।०३।२२ गते। समयः- दिनको १२: ०० बजेसम्म जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीमा र सोही दिनको ०२:०० उक्त वोलपत्रहरु खोलिनेछ। कर्मचारी तथा वोलपत्र दाताहरुको रोहवरमा खोलिनेछ तर निर्धारित समयमा वोलपत्रदाताहरु उपस्थित नभएमा वोलपत्र खोल्नलाई कुनै वाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा पर्न गएमा विदाको भोलिपल्ट उक्त कार्यहरु गरिनेछ।

२. वोलपत्र फाराम दस्तुर रु. २,०००।– (रु. दूई हजारमात्र )। यस कार्यालयको कार्यालय कोड नं ३६५००२५०१ मार्फत राजश्व शिर्षक नं १४२२९ र राजश्व खाता नं १०००१००२०००१०००० मा दाखिला गरेको सक्कलै भौचर पेस गरे पश्चात मात्र जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीबाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ।

३. वोलपत्र साथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको कार्यालय कोड नं ३६५००२५०१ मार्फत राष्ट्रिय वाणिज्य वैंक सिन्धुलीमा रहेको धरौटी खाता नं. (क-२-३) १०६०१००१०२०३०००० मा जम्मा गरेको सक्कलै भौचर समावेश गर्नुपर्नेछ।

४. लिलाम विक्री गरिने जिन्सी सामानहरुको जम्मा न्यूनतम् मूल्य रू. ११,८९,८७०/- (एघार लाख उनानन्वे हजार आठ सय सत्तरी) कायम भएकोले सो भन्दा कम कवोल अंक भएको बोलपत्र स्वीकार गरिने छैन ।

५. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, संस्था दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सक्कलै निवेदनको साथ पेस गर्नुपर्नेछ।

६. वोलपत्र स्वीकृत भएको जानकारी प्राप्त भएपश्चात सकार गरेको रकम, सकार मूल्यमा लाग्ने मू.अ.कर लगायत अन्य कर तथा दस्तुरहरु बुझाई १५ दिनभित्र भित्र सामान उठाई लैजानु पर्नेछ। साथै सवारी तथा हेभि इक्विपमेन्टहरुको हकमा अवशेष मूल्य (Scrap Value) मा मूल्याङ्कन गरिएकोले उक्त मालसामानहरु लैजादाँ लिलाम सकार गरिएको स्थलमै इन्जिन, च्यासिस लगायतका भागहरु काटेर लैजानु पर्नेछ।

७. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

८. वोलपत्र सदर वा वदर गर्ने अधिकार यस कार्यालयका अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ र यस सूचनामा उल्लेख हुन छुटेका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

९. लिलाम गिरिने मालसामानहरु हेर्न चाहेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राखी हेर्न सकिनेछ । साथै बोलपत्र बारे अन्य कुरा मात्र बुझ्न परेमा कार्यालय समय भित्र कार्यालयको फोन नम्बर ०४७५२०५४४,९८५४०३४१४८ मा सम्पर्क राखी बुझ्न सकिनेछ।

जिल्ला समन्वय अधिकारी